# खाद्य तथा – भूमिव्यवस्थामन्त्रालयबाट

बिर्ता उन्मूलन बारेमा बरावर इश्तिहार र विज्ञप्ति गजेटमासमेत जारीभई रहेकोबाट दरखास्त आउँदै रहेको पटक पटक म्याद थप हुँदै रहेको आखिर आषाढ मसान्तसम्मको म्यादमा बिर्ताको लगत दरखास्त नदिने श्रावण १ गतेदेखि उठ्तीको सयकडीका हिसाबले जरीवाना गर्ने गरी नेपाललाई मार्ग मसान्त र मधेश पहाडलाई पौष मसान्तसम्मको म्यादको गजेट विज्ञप्तिसमेत जारी भएबमोजिम बरावर लगत दरखास्त दिन आइरहेको भन्नेसमेत बेहोरा ज्ञात भएको र कुनै कुनै विर्तावारहरूले विर्ताको इश्तिहारबमोजिम दरखास्त दिनासाथै विर्ता खारेज हुन्छ भन्ने र विर्ता खारेजी बन्दोवस्त भन्ने अड्डाको नाउँ रहेबाट बिर्ताको लगत दरखास्त दिनासाथै खारेज हुन्छ भन्नेसमेत भान पारी हल्ला उठाएका छन् भन्ने पनि ज्ञात भएकोले अब लगत दरखास्त दिनुपर्ने बाँकी भएका बिर्तावारहरूले सो हल्लामा नलागी अघि जाहेर भइराखेको इश्तिहारबमोजिम बिर्तावारहरूले निस्सा सहिबको दरखास्त दिनु पर्दछ लगत दरखास्त दिँदैमा बिर्ता खारेज हुन्छ भन्ने नसम्झनु होला सरकारले कुन, कुन किसिमको विर्ता के कति रहेछ कुन किसिम-बाट उपभोग गरिआएको रहेछ आयस्ता के कति रहेछ कुनकिसिम पर्न आउँदछ. सबै विषयको तथ्याङ्क सङ्कलन गरी लगत भएपछि छलफल भई सारा नेपालीलाई असल हुने नीति निर्धारित हुने हो हचुवा किसिमबाट हुने होइन श्रावण लागे-पछि विर्ता खारेजी बन्दोवस्त अड्डाले र जिल्ला मालबाटसमेत आदेश गजेटबमो-जिम लागेको जरीवाना असूल गरी लिइसकेको भए पनि वर्षादको याम खेती किसानीको टायम हुँदा नेपाल पहाड, मधेश सबै जिल्लामा हाललाई जरीवाना नलाग्ने गरिदिएको छ। असूल भइसकेको भए पनि हातहातै फिर्तादिने र अब बिर्ता-वारहरूले ०६ साल पौष मसान्तसम्म दरखास्त दिन बाँकी बिर्तावार सबैले आफ्ना बिर्ताको लगत अघि जाहेर भइराखेका गजेट इस्तिहारबमोजिम दिनु होला. सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म्यादमा पनि दिन भएन भने लगत दरखास्त दिन नभएको विर्तावारको विर्ता कारवाई गर्न वाध्य हुनुपर्ने भएकोले आफ्ना आफ्ना लगत निस्सासहितको दरखास्त दिनु होला । म्यादभित्र दरखास्त लगत दिनु नभएमा पछि उजूर लाग्ने छैन भनी सबैलाई थाहा होस् भनी विज्ञप्ति प्रकाशित गरिदिएको छ ।

का. मु. सेक्रेटरी,
खाद्य — भूमि व्यवस्थामन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।